annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७४ पृष्ठ ८ | काठमाडौं, शनिबार २९ असार २०८१ | आषाढ शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४४ | SATURDAY, JULY 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ‘जादु’ले टिकाएन प्रचण्ड-सरकार

सत्ता टिकाउने जादु छ भन्दै दुई ठूला दललाई पालै पालो फकाउँदै, तर्साउँदै, धोका दिँदै गर्दा अन्ततः प्रधानमन्त्री दाहाल खुम्चिए २२.९० प्रतिशतमा, विश्वासको मत नपाएर ढल्यो सरकार

दाहाललाई कहिले कति सांसदको विश्वास ?

२६८ — २०७९ पुस २६

१७२ — २०७९ चैत ६

१५७ — २०८० फागुन ३०

१५७ — २०८१ जेठ ७

६३ — २०८१ असार २९



समाचार पृष्ठ २

तारा चापागाई | काठमाडौं

- को रिपोर्ट



- राष्ट्रपतिबाट ७६ (२) को सरकार बनाउन आह्वान
- दुईतिहाइ समर्थनसहित प्रधानमन्त्रीमा ओलीको दाबी

# पहिरोले सोहोरेर त्रिशूलीमा बगे २ बस

## ६० यात्रु बेपत्ता, ३ जना सकुशल



नारायणगढ-मुग्लिन सडकअन्तर्गत भरतपुर महानगरपालिका-२९ सिमलतालमा शुक्रबार बिहान त्रिशूलीमा बस खसेको स्थल। ● अनिल ढकाल

अनिल ढकाल | चितवन

साढे २ बजे राति। पानी परिरहेको सडकमा विस्तारै लेदो बग्दै थियो। दुई दिशातर्फ जान लागेका बस ठोक्किएर अड्कियो। बसमा यात्रु खचाखच थिए। बसलाई पार गर्न कठिन भयो। एकैछिनमा पहाडबाट लेदोसहित पहिरो बग्यो र हेर्दाहेर्दै दुईवटा बस त्रिशूलीमा खस्यो। यो दर्दनाक दृश्य हेरिरहेका थिए छेवैमा रहेको किनारमा पालो पर्खिरहेको बसका चालक जीवन सुनार। ३४ वर्षीय उनको १६ वर्षे सवारी चलाएका जीवनका लागि घटनाको सबैभन्दा बढी हृदयविदारक घटना थियो। उनको आँखैअगाडि मानिसहरूको चिच्चाहटसँगै बस त्रिशूलीमा खसेर विलय भयो। उनले हत्तपत्त लाइट बालेर त्रिशूलीमा हेरे। त्यहाँ पानीमात्रै बगेको देखे। बस नदीमा डुबेर बेपत्ता भएको थियो।

उनको गाडी ग २ ख १८२२ नम्बरको गाडी पालो पर्खेर बसेको थियो। अगाडिको बस कटेपछि जाने सोचमा थिए। उनले गाडी हेरिरहेका थिए। पहिरोको भेलले गाडी एक्कासि हुत्ताएपछि उनी तर्सिए। एक जना मान्छे उनले उद्धार गरेका थिए। भारतीय नागरिक युट्युबमा त देखेको थिए। ३ बच्चा, मामा, परिवारसहित ६ जना थिए। ती व्यक्ति १० मिनेटमा किनारमा निस्कँदा जीवनले भेटेका थिए। घटनाले किनारमा बसेका जीवनलाई कहालिलाग्दो बनायो। ‘बस कटेपछि म अगाडि बढाउँछु भनेर बसें। बस बगाएपछि हत्तपत्त बस पछाडि हटाएर जोगिएको हुँ,’ जीवनले सुनाए ‘युट्युबमा त हेरेको थिए तर आज आँखै सामुन्ने देख्न पऱ्यो।’

प्रहरीका अनुसार तीन जनाले हाम फालेर ज्यान जोगाएका छन्। बाँकी ६२ जना बेपत्ता छन्। त्रिशूलीमा गाडी डुबेको छ। कुरिनटारमा रहेको सशस्त्र प्रहरीको विपत् व्यवस्थापन तालिम केन्द्रका गोताखोरले पानीमुनि गाडी खोज्दा पनि भेट्न मुस्किल भएको छ। पानीको सतह बढी भएको कारण उद्धारमा कठिनाइ भएको छ।

घटनास्थल माथि पहाड भाग जाने बाटो छ। सहायक सडक भएको कारण कटान गरेको लेदो खसेको अनुमान गरिएको छ। लगातारको वर्षात्ले पहिरो खसेको हो। नारायणघाट मुग्लिन सडकखण्डको सिमलतालमा दुई वटा बस त्रिशूलीमा बेपत्ता भयो। बसमा सवार ६५ जना यात्रुमध्ये चार जना बच्न सफल भए। बाँकी त्रिशूलीमा डुबेका छन्। काठमाडौंबाट गौर जाँदै गरेको गणपति डिलक्स बसले अर्को साधनलाई उछिन्न खोज्दा विपरीत दिशाबाट आएको बससँग ठोक्किँदा जाम भएको थियो। त्यही जाममा फसेको समयमा पहिरोले बगाएको हो। चितवन प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बिहानैदेखि उद्धारको काम थालिएको बताए। वीरगन्जबाट काठमाडौं गइरहेको एन्जल बसमा २४ जना र काठमाडौंबाट गौर आइरहेको गणपति डिलक्समा ४१ जना यात्रु रहेका छन्। ‘पानीको वहाव र करेन्टले पानीभित्र खोज्न कठिन भएको छ। गोताखोरले बिहानैबाट लागेका छन्। तर भेट्न सकिएन,’ उनले भने, ‘हामी प्रत्यक्षदर्शीको भनाइअनुसार खोजी गरेका छौं।’

चितवन प्रमुख भावेश रिमाललगायतको टोली बिहानैदेखि खटिएका थिए। सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेनाको टोली दिनभर घटनास्थल थियो। बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स काठमाडौंबाट रौतहटको गौरतर्फ जाँदै गरेको थियो। काठमाडौंको कलंकीबाट २३ र जोरपाटीबाट ५ जना गरी २८ जना यात्रु बोकेर बस रौतहट आएको बताइएको छ। बागमती प्रदेश १५१६ नम्बरको एन्जल डिलक्स वीरगन्जबाट काठमाडौं जाँदै गरेको थियो।

### पर्सा र बाराका १४ यात्रु बेपत्ता

### कास्कीमा ३ ठाउँमा पहिरो, घर पुरिँदा ११ को मृत्यु

### रघुगंगाको बाढीले सडक बगायो

### ‘भगवान्ले पनि किनारा लगाइदिए’

### घरसँगै पुरिए न्यौपाने दम्पती

- समाचार पृष्ठ ८

# लेखकको जोखना, प्रचण्डको रोदन

नरेन्द्र साउद | काठमाडौं

‘प्रधानमन्त्रीज्यू, यी जम्मै धोखा पाएकाहरू तपाईंका विरुद्ध एक ठाउँ उभिए भने कहाँ पुग्नुहोला ? ख्याल गर्नुहोला। हेक्का राख्नुहोला,’ कांग्रेस प्रमुख सचेतक रमेश लेखकले ‘चेतावनी’ दिएको चार महिनामात्रै भयो। कांग्रेसलाई धोखा दिएर एमालेसँग सत्ताको लगनगाँठो गाँसेपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई (फागुन ३० गते) संसद्मै लेखकले यस्तो चेतावनी दिएका थिए।

यसपटक भयो पनि त्यस्तै। प्रचण्डबाट बारम्बार ‘धोखा’ पाएको भन्दै एमाले र कांग्रेस मिले, सत्ताबाट प्रचण्ड हुत्याइए। कांग्रेससँग मिलेर एमालेलाई र एमालेसँग मिलेर कांग्रेसलाई धोखा दिने प्रचण्डको ‘चतुऱ्याइँ’लाई फेल गराए। संसद्को पहिलो र दोस्रो दलको बुइँ चढ्नेबाटो नै बन्द भएपछि प्रचण्डले शुक्रबार संसद्मा ‘अनण्य रोदन’ गरे। कांग्रेस र एमालेबाट ‘धोखा’ पाएको भन्दै चित्त दुखाए।

नेपाली राजनीतिका अति नै चलायमान र अस्थिर पात्र हुन, प्रचण्ड। सत्ताका लागि ‘टाउकोमा टेकेर ढाँडमा हान्ने’ र ‘एक कदम पछि सरेर दुई कदम अघि बढ्ने’ उनको राजनीतिक सूत्र नै हो। कम्युनिस्ट पार्टीसँग मिल्नुपरे ‘वाम गठबन्धन’ र कांग्रेससँग मिल्नुपरे ‘वाम-लोकतान्त्रिक गठबन्धन’को नारा सजिलै दिने गर्छन्, प्रचण्ड।

तर एमाले अध्यक्ष केपी शर्मा ओलीले यसपटक प्रचण्डलाई ‘देखाइदिए।’ त्यसैकारण प्रचण्ड ओलीप्रति ‘आक्रोशित’ र कांग्रेस सभापति शेरबहादुर देउवासँग ‘सफ्ट’ देखिए। ओलीले दिनदहाडै आफूलाई ढाँटेको ‘आरोप’ पनि लगाए। ‘अनौठो त के भयो भने असार १७ गते राति दुई दल (कांग्रेस-एमाले) बीच सहमति भइसक्यो। १८ गते बिहान आएर एमालेका अध्यक्षले भएकै छैन भन्नुभयो,’ प्रचण्डले संसद्मा भने, ‘तपाईंहरूले हस्ताक्षर गरेको फोटो नै आइसक्या छ, भनेर मैले भने। तर उहाँ (ओली) ले के कुरा गऱ्या तपाईंले ? त्यो त कहिले-कहिलेको फोटो रहेछ, भन्नुभयो।’ आफू ठगिएको, छक्याइएको भन्दै प्रचण्डले भनाइ राख्दा संसद्मा हाँसोको फोहोरा छुट्यो। ओली पनि फिस्स हाँसे। स्वर्ग र नर्क सँगै जाने भनेर ओलीले आफूलाई वचन दिएको भन्दै प्रचण्डले ‘व्यंग्य’ गरे। कांग्रेस सभापति देउवाले भने ‘साँचो’ बोलेको प्रचण्डले बताए। ‘सहमति भइसक्यो, म ढाँट्न सक्दिनँ, सरी, भनेर कांग्रेस सभापतिले मलाई फोनमा भन्नुभयो,’ प्रचण्डले भने। देउवाले टाउको हल्लाए। कांग्रेसका सांसदमा हाँसो छायो। एमाले अध्यक्ष ओलीले भने प्रचण्डलाई घुरेर हेरेका थिए। प्रचण्ड त्यत्तिमै रोकिएनन। ‘ढाँट छलको पनि एउटा सीमा हुन्छ नि ?’ प्रचण्डले आक्रोश पोखे, ‘यस्तो तरिका अपनाउनुपर्छ ? नियत सफा हुन्थ्यो भने राष्ट्रिय सहमतिको संवाद यही संसद्मा सुरु गर्न सकिन्थ्यो। विमर्श होइन, तपाईंहरू षड्यन्त्रमा हुनुहुन्छ।’ तर, कांग्रेस प्रमुख सचेतक लेखकले ‘आफूले धोखा दिएको स्मरण गर्न’ प्रचण्डको ध्यानाकर्षण गराउँदा उनी ‘गम्भीर’ देखिन्थे। ‘कांग्रेसले मात्रै धोखा दिएको हो ?’ लेखकको भनाइ थियो- म सम्माननीय प्रधानमन्त्रीज्यूसँग सवालजवाफ र आरोप प्रत्यारोप गर्न चाहन्न।’



प्रचण्डले आफूले कसैलाई धोखा नदिएको दाबी गरे, एमाले अध्यक्ष ओलीप्रति भने बढी नै आक्रोश पोखे। ‘एमालेका अध्यक्षको कला र क्षमता तारिफ गर्न लायक छ। धेरै नै तारिफ गर्न लायक छ। उहाँको हैसियतअनुसार यहाँ अरू कोही पनि छैनन्,’ प्रचण्डले आक्रोश पोखे, ‘मलाई राम्ररी फकाउनुभयो। कम्युनिस्ट एकता गरौं, नभए त अर्को चुनावमा पश्चिम बंगालजस्तो भइन्छ नि भनेपछि म त सहमत भएँ।’ (माधव नेपाल हाँसे )। ‘तर जसलाई मैले वाम सेन्टिमेन्टल ठानेको थिएँ, त्यो षड्यन्त्र रहेछ भन्ने थाहा पाउन म ढिलो भएँ, प्रचण्डले भने।

ओलीमा अझै पनि कुण्ठा र प्रतिशोध बाँकी नै रहेको प्रचण्डले बताए। ‘केही मान्छेहरू कुण्ठा र प्रतिशोधबाट निस्कन सक्दैनन् भन्ने मैले हिसाबै गर्न सकिन। समयले मान्छेलाई सुधार्छ भन्ने विश्वास गरे।’

तर, अरूलाई ‘धोखा’ दिँदा कस्तो हुँदोरहेछ भनेर पीडा पनि प्रचण्डले संसद्मा सुनाए। ‘मलाई अहिले कस्तो लाग्दैछ भने कांग्रेससँगको गठबन्धन छोडेर एमालेसँग मिलेर प्रधानमन्त्री हुँदा कांग्रेस सभापतिको मनस्थिति/मनोविज्ञान जे अनुभूत गरें, आज मेरो उहाँकै जस्तो स्थिति छ,’ प्रचण्डले भने।

» बाँकी पृष्ठ ६